## एक्साइड ब्याट्रीको डिलर मिट, उत्कृष्ट डिलर पुरस्कृत



सिप्रदी ट्रेडिङ्गअन्तर्गतको एक्साइड ब्याट्रीले हालै आफ्ना डिलरहरुलाई एक कार्यक्रमका बीच सम्मान गरेको छ । एक्साइड ब्याट्रीले पूर्वी क्षेत्रीय डिलर मिट २०१७/१८ को आयोजना गर्दै उत्कृष्ट डिलरलाई सम्मान गरेको हो ।

उक्त कार्यक्रममा उत्कृष्ट प्रतिफल दिने डिलरहरु क्रमशः डाइमण्ड, प्लाटिनम र गोल्डेन डिलरको उपाधिले सम्मानित गरिएको थियो । नेशनल इन्टरप्राइजेज, इटहरीलाई डाइमण्ड डिलरको उपाधि प्रदान गरिएको थियो भने टायर सेन्टर, विराटनगरलाई प्लाटिनम डिलरको उपाधि प्रदान गरिएको थियो । यसैगरी गोल्डेन डिलरको उपाधि राम कृष्ण इलेक्ट्रो पावर, झुम्कालाई प्रदान गरिएको थियो ।

नयाँ विधामा मोष्ट सर्भिस इफिसेन्ट डिलरको उपाधि फातिमा ब्याट्री ट्रेडर्स, धरान र आकर्षक शोरुमको उपाधि नेशनल इन्टरप्राइजेज, इटहरीलाई प्रदान गरिएको थियो । कार्यक्रममा डिलरहरुको उत्सुकतालाई देखेर यस्ता कार्यक्रम आगामी दिनहरुमा पनि देशका विभिन्न शहरहरुमा समेत आयोजना गरिने कुरा कम्पनीका महा–प्रबन्धक सुरेश कुमार तिवारीले जानकारी  दिए ।